आज मिति २०८३ भाद्र २५ गते विहीबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८३/८४ को तेस्रो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री कमल भट्टराई | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स/प्रवक्ता | श्री वच्चुराज वस्याल | | |

आ.ब.२०८३/८४ को तेस्रो नगरकार्यपालिका वैठकका निर्णयहरुः-

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा</td><td>अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>नगर शिक्षा योजना स्वीकृत सम्बन्धमा</td><td>यसै साथ संलग्न टोखा नगरपालिकाको नगर शिक्षा योजना (२०८३/८४-२०९३/९४) संशोधन सहित स्वीकृत गर्ने ।</td></tr>
<tr><td>३</td><td>विभिन्न कानुन निर्माण एवं संशोधनको लागि सैद्धान्तिक सहमति दिने ।</td><td>तपशिल बमोजिमका कानुन(कार्यविधि/मापदण्ड/नर्म्स) निर्माण/संशोधनको लागि नगरपालिका प्रशासनलाई सैद्धान्तिक सहमति दिने ।<br>क. सामुदायिक विद्यालयको बर्गीकरण मापदण्ड,<br>ख. हरित विद्यालय सञ्चालन सम्बन्धी कार्यविधि,<br>ग. स्थानीय पाठ्यपुस्तक आन्तर्गतका पाठ्यपुस्तक छपाई तथा वितरण सम्बन्धी कार्यविधि,<br>घ. विद्यालय नक्साङ्कन कार्यविधि,<br>ङ. नगर छात्रवृद्धि कोष संचालन कार्यविधि,२०७९ संशोधन<br>च. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ संशोधन<br>छ. विपद् व्यवस्थापन स्वंयमसेवक व्यूरो गठन तथा परिचालन कार्यविधि,२०८३<br>ज. टोखा नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०८२ संशोधन<br>झ. टोखा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन,२०८१ संशोधन</td></tr>
<tr><td>४</td><td>विद्यालय स्थानान्तरण सम्वन्धमा ।</td><td>टोखा नगरपालिकामा रहेका तपशिल बमोजिमका विद्यालयहरुलाई स्थानान्तरण गर्न सहमति प्रदान गर्ने ।<br>१. टोखा नगरपालिका वडा नं. ४ मा रहेको सुवर्ण स्कूल (कक्षा १-८) लाई कागेश्वरी नगरपालिका वडा नं. ७ मा स्थानान्तरण गर्न ।<br>२. टोखा नगरपालिका वडा नं. ७ मा रहेको हेराल्ड ईन्टरनेशनल मा.वि.लाई ऐ.ऐ.वडा नं. ५ मा स्थानान्तरण गर्न ।</td></tr>
<tr><td>५</td><td>DPR स्वीकृत एवं भुक्तानी अनुमोदन सम्बन्धमा ।</td><td>टोखा नगरपालिका वडा नं. १ स्थित बौडेश्वर मन्दिर सम्म मोटरबाटो स्तरोन्नती सम्बन्धमा आवश्यक अध्ययन भई सम्बन्धित परामर्शदाताबाट पेश भएको DPR स्वीकृत गरी भएको भुक्तानी प्रकृयालाई अनुमोदन गर्ने ।</td></tr>
<tr><td>६</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत</td><td><table><tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th><th></th></tr><tr><td>१.</td><td>बी.जी. इन्फ्रा प्रा.लि.</td><td>टोखा -१</td><td></td><td></td></tr></table></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यवसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।</td>
<td>
<table>
<tr><td>२.</td><td>सिपमाण्डु ए.वान सेवा प्रा.लि.</td><td>टोखा-२</td><td></td></tr>
<tr><td>३.</td><td>नारायणी आवास कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-५</td><td></td></tr>
<tr><td>४</td><td>डिभाईन ईनर्जी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>५</td><td>अभिदले निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>६</td><td>अमेजन कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-३</td><td></td></tr>
<tr><td>७</td><td>ए.भि.जे. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-३</td><td></td></tr>
<tr><td>८</td><td>सेवन्तिका हाइड्रो सोलुसन प्रा.लि.</td><td>टोखा-४</td><td></td></tr>
<tr><td>९</td><td>आर.एन. बेल्कोटगढी निर्माण सेवा प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>१०</td><td>अभिक बिल्डर्स प्रा.लि.</td><td>टोखा-२</td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>७</td>
<td>आयोजनाको म्याद थपलाई अनुमोदन सम्बन्धमा ।</td>
<td>टोखा नगरपालिकाको तपशिल बमोजिमका आयोजनाहरुको ठेक्का सम्झौता म्याद थप भएकोलाई अनुमोदन गर्ने ।
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>ठेक्का नं.</th><th>फर्म/कम्पनिको नाम</th><th>सम्झौता मिति</th><th>म्याद थप गर्नु पर्ने मिति</th><th>कै.</th></tr>
<tr><td>Integrated Metric Addressing System and Mobile APP for Public Support In Tokha Municipality</td><td>01/NCB/TM/RFP/2080-81</td><td>Nax-Comect Us-Digi Nirman</td><td>२०८१-३-२६</td><td>२०८३-९-२५</td><td></td></tr>
<tr><td>Procurement and Installation of House and Street Number Plate</td><td>16/NCB/TM/G/2082-83</td><td>Albelo Multi Trading P.Ltd.,Lalitpur</td><td>२०८२-१०-२०</td><td>२०८३-१०-१५</td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>८</td>
<td>स्रोत सुनिश्चितता सम्बन्धमा ।</td>
<td>आ.व.२०८२/८३ मा कार्यक्रम संचालनको लागि सम्झौता भई चालु आ.व.को बार्षिक आयोजना तथा कार्यक्रममा अल्या हुन छुट भएका तपशिल बमोजिमका कार्यक्रमहरुको सम्पन्न पश्चात भुक्तानीको प्रयोजनको लागि कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रमको नाम</th><th>सम्झौता रकम</th><th>कै.</th></tr>
<tr><td>१</td><td>बेकरी तालिम</td><td>३६९२१४/-</td><td></td></tr>
<tr><td>२</td><td>फेसन डिजाईनर तालिम संचालन (सीप परीक्षण सहित)</td><td>७७१७९०/-</td><td></td></tr>
<tr><td>३</td><td>बारबर तालिम (सीप परीक्षण सहित)</td><td>४९९३५५/-</td><td></td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr><td>९</td><td>नेपाल भू.पू.प्रहरी संघको जग्गा लिज प्राप्त गर्ने सम्बन्धमा ।</td><td>टोखा नगरपालिका वडा नं. ७ साविक धापासी गाउँ विकास समिति वडा नं. ७ सिट नं. १०२०९८५०४ कि.नं. ६४ को क्षे.फ. १९६६.४५ ब.मी.,नेपाल सरकार जग्गाधनी रही साविक देखि नेपाल भू.पू.प्रहरी संघलाई भोगाधिकार प्राप्त भएको जग्गा मालपोत (नवौं संशोधन) नियमावली, २०८३ बमोजिम नेपाल पूर्व प्रहरी संगठनलाई लिजमा उपलब्ध गराउने सम्बन्धमा आवश्यक अध्ययन गरी राय सहितको प्रतिवेदन पेश गर्न कानुनी सल्लाहकारलाई निर्देशन दिने ।</td></tr>
<tr><td>१०</td><td>कार्यक्रमको चिया-खाजा खर्च भुक्तानी सम्बन्धमा।</td><td>सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रको अक्षलोक विमोचन, पुरस्कार तथा सम्मान समर्पण कार्यक्रममा उपस्थित व्यक्तित्वहरुलाई चिया-खाजा खुवाए वापतको रकम रु. ५४४३२/- हुई हङ्ग्री किचनलाई विविध खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी उपलब्ध गराउने ।</td></tr>
<tr><td>११</td><td>विष्णुमति नदी करिडोरको जोखिम न्यूनिकरणको लागि वाल निर्माण सम्बन्धमा ।</td><td>टोखा नगरपालिका वडा नं. ८ स्थित विष्णुमति नदी करिडोरको तपशिल बमोजिमका क्षेत्र मा अविरल वर्षा र बाढीको उच्च वहावको कारण साविकमा रहेको वाल भत्किन गएको सो क्षेत्रमा सडक कालोपत्रेको ठेक्का सम्झौता भई कार्य भै रहेकोमा भत्किएको वाल तत्काल पुनःनिर्माण नगरी सडक कालोपेत्रको कार्य गर्न नसकिने भएकोले उक्त भत्किएको वाल लगायतका संरचना पुनःनिर्माण गर्ने कार्यको आयोजना स्वीकृत गरी १९ औं नगरसभाको सि.नं. ३८२ (विविध मर्मत सम्भार भैपरी) मा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिम तपशिल बमोजिमको रकम विनियोजन गर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>कार्य संचालन गर्ने क्षेत्र</th><th>विनियोजित रकम रु.</th></tr>
<tr><td>१</td><td>वानियाँटार जाने पुल नजिक विष्णुमति नदी करिडोर वाल निर्माण</td><td>१२०५३१५/-</td></tr>
<tr><td>२</td><td>कालु तामाङ्गको घर नजिक विष्णुमति नदी करिडोर वाल निर्माण</td><td>११७४७७३/-</td></tr>
<tr><td>३</td><td>गैह्रीगाउँ पुल नजिक विष्णुमति नदी करिडोर वाल निर्माण</td><td>५४००००/-</td></tr>
</table></td></tr>
<tr><td>१२</td><td>मन्दिर तथा पाटी मर्मत सम्बन्धमा ।</td><td>टोखा नगरपालिका वडा नं. १ स्थित सेतुवन्ध रामेश्वर मन्दिर तथा पाटी मर्मतको आयोजना स्वीकृत गरी १९ औं नगरसभाको सि.नं. ३८२ मा विनियोजित रकम मध्येबाट रु. २० लाख विनियोजन गर्ने ।</td></tr>
<tr><td>१३</td><td>भुलबश बढी दाखिला भएको रकम फिर्ता सम्वन्धमा ।</td><td>१. टोखा नगरपालिका वडा नं. ७ मा घरजग्गा रहेका चोन कुमारी हेमकोटाले सम्पतिकर तिर्दा भूलबश टोखा नगरपालिकाको आन्तरिक राजस्व खातामा रकम रु. १३८६/- बढी दाखिला गरेको देखिएकोले सो बढी दाखिला भएको रकम टोखा नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा १७(ज) बमोजिम सम्बन्धित श्री चोन कुमारी हेमकोटालाई फिर्ता गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>२. टोखा नगरपालिका वडा नं. ८ मा घरजग्गा रहेका बलराम त्रिपाठीले भवन निर्माण</td></tr>
</table>

| | | |
|---|---|---|
| | | सम्पन्नको राजस्व तिर्दा भूलबश टोखा नगरपालिकाको आन्तरिक राजस्व खातामा रकम रु. ११८१०/- बढी दाखिला गरेको देखिएकोले सो बढी दाखिला भएको रकम टोखा नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा १७(ज) बमोजिम सम्बन्धित श्री बलराम त्रिपाठीलाई फिर्ता गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>३. टोखा नगरपालिका वडा नं. ९ स्थित मैनाली स्टोर नामक व्यावसायको व्यवसाय तथा बहाल करको राजस्व तिर्दा भूलबश टोखा नगरपालिकाको आन्तरिक राजस्व खातामा रकम रु. ७०३५/- बढी दाखिला गरेको देखिएकोले सो बढी दाखिला भएको रकम टोखा नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा १७(ज) बमोजिम सम्बन्धित श्री मैनाली स्टोरलाई फिर्ता गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| १४ | प्रमुख प्रशासकीय अधिकृतको बिदाई सम्बन्धमा । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०५/०९ को पत्रानुसार यस नगरपालिकाबाट सरुवा हुनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री कमल भट्टराईले निजको कार्यकालमा उत्कृष्ठ कार्य सम्पादन मार्फत टोखा नगरपालिकाको विकास र समृद्धिका लागि पुर्याउनु भएको योगदानका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा व्यक्तिगत एवं पेशागत जीवनको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्ने । |

CamScanner